कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

प.नि.का.च.नं........................२०७८/०७९

मिति: २०७८।०७।२९

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७४।०७५ मा संचालित **B.Sc.Ag.** मा भर्ना भई **छैठौं सेमेष्टर** र वन विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७४।०७५, शैक्षिक सत्र २०७५।०७६ र शैक्षिक सत्र २०७६।०७७ मा संचालित **B.Sc.Forestry** मा भर्ना भई क्रमश: **छैठौं, चौथौ र दोस्रो सेमेष्टरहरुमा** अध्ययनरत विद्यार्थीहरुले **नियमित परीक्षा** र उक्त शैक्षिक कार्यक्रमहरुको विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत रही उक्त **छैठौं, चौथो र दोस्रो** सेमेष्टरहरुको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरहरुको **आंशिक परीक्षामा** सम्मिलित हुन **मिति २०७८।०८।०१** देखि **मिति २०७८।०८।१४** सम्म नियमित शुल्क र मिति २०७८।०८।१५ देखि मिति २०७८।०८।१७ सम्म बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय/कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकाय/कलेजवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१.परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले बुझाउनु पर्नेछ । तर सम्बन्धन प्राप्त कलेजको हकमा परीक्षा शुल्क रु. २,००० का दरले लाग्नेछ । तोकिएको समय अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल मंसिर १५ गते | रु.३००।- |
| २०७८ साल मंसिर १६ गते | रु.५००।- |
| २०७८ साल मंसिर १७ गते | रु.११००।- |

३.परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजवाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा सम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website** **www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.......................
प्रा.डा. शुनिला राई
परीक्षा नियन्त्रक

परीक्षा नियन्त्रक